सूचनाको हक सम्बन्धी ऐन २०६४ का दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावलीको नियम ३ बमोजिम

# तीन महिने स्वतः प्रकाशन
# Pro-active disclosure

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

## वनस्पति विभाग

# वनस्पति अनुसन्धान केन्द्र, इलाम

## २०७८ वैशाख देखि ०७८ असार सम्म

# विषय सूची

(क) निकायको स्वरुप र प्रकृतिः
(ख) निकायको काम, कर्तव्य र अधिकार
(ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण
(घ) निकायबाट प्रदान गरिने सेवा
(ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी (नागरिक बडापत्र)
(च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि
(छ) निर्णय गर्ने प्रक्रिया र अधिकार
(ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी
(झ) सम्पादन गरेको कामको विवरण
(ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद
(ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची
(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धि अद्यावधिक विवरण
(ड) तोकिए बमोजिमका अन्य विवरण
(ढ)अघिल्लो आ.व.मा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण
(ण) कार्यालयको website
(त) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता,ऋण,अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण
(थ) सार्वजनिक निकायले संचालन थरेको कार्यक्रम र सोको प्रगति विवरण
(द) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि
(ध) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विषय
(न) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरण

## (क) निकायको स्वरुप र प्रकृतिः

नेपालको पूर्वी क्षेत्रमा रहेको महत्वपूर्ण वनस्पति तथा जडिबुटीको श्रोत सर्वेक्षण, संरक्षण र संम्बर्धन तथा वैज्ञानिक अध्ययन अनुसन्धानबाट प्राप्त ज्ञान सीपलाई जनसमुदायमा हस्तान्तरण गरी वनस्पति श्रोतको उपयोग मार्फत आर्थिक वृद्धिमा सहयोग पुर्याउने उद्देश्यले वि.सं.२०५६ सालमा जिल्ला वनस्पति कार्यालय, इलाम स्थापना भई २०७५ सालमा वनस्पति विभागको सांगठनिक पुनःसंरचना भएसँगै यस कार्यालयको नाम वनस्पति अनुसन्धान केन्द्र, इलाम रहेको छ। यो कार्यालय इलाम नगरपालिका वडा नं.६ पिपलबोटेमा अवस्थित रहेको छ ।

यस कार्यालय अन्तर्गत सन्दकपुर गाँउपालिका वडा नं.१ मा माइपोखरी वनस्पति उद्यान रहेको छ ।यस उद्यानमा वनस्पति अनुसन्धान, संरक्षण तथा उद्यान विकास सम्बन्धी कार्यहरु संचालित भईरहेका छन् ।यस उद्यानमा जडिबुटी जर्मप्लाजम संरक्षण, दुर्लभ लोपोन्मुख वनस्पति प्रजाति संरक्षण, फर्न गार्डेन, रक गार्डेन, गुराँस संरक्षण क्षेत्र,गलैंचे झ्याउ संरक्षण क्षेत्र, ट्याक्सोनोमिकल फ्यामली गार्डेन , फ्लोरल क्लक , जडिवुटी विरुवा उत्पादन क्षेत्रहरु रहेका छ न्। वनस्पति स्रोतको संरक्षण गर्ने, वानस्पतिक स्रोत सम्बन्धि अनुसन्धानकर्ताहरु तथा बिद्यार्थीहरुको शैक्षिक कार्यमा सहयोग पुर्याउने र सर्बसाधारणलाई मनोरञ्जन गर्न रमणीय स्थलको रुपमा विकास गर्ने माइपोखरी वनस्पति उद्यानको उद्देश्य रहेको छ।

## (ख) निकायको काम, कर्तव्य र अधिकारः

- वानस्पति स्रोतको नमुना पहिचान
- जडीवुटी खेती तथा जडिवुटिको दिगो संकलन, व्यवस्थापन सम्बन्धि तालिम, गोष्ठी, प्रचार प्रसार गर्ने
- जडिवुटी प्रदर्शनी स्थल व्यवस्थापन गर्ने
- जडिवुटी खेती प्रविधि सम्बन्धि जानकारी प्रदान गर्ने
- जडिवुटी विरुवा उत्पादन तथा वितरण गर्ने
- संकटासन्न, दुर्लभ तथा आर्थिक दृष्टिकोणले महत्वपूर्ण वनस्पतिहरुको वंशाणुस्रोत संरक्षण सम्बन्धि कार्य
- सुगन्धित औषधीय वनस्पति प्रजातिहरुको तेल प्रतिशत निर्धारण
- वानस्पतिक स्रोत सम्बन्धि अनुसन्धानकर्तालाई अध्ययन अनुसन्धान तथा विद्यार्थीलाई शैक्षिक कार्यमा सहयोग पुर्याकउने
- सर्वसाधरणहरुको लागि मनोरञ्जन प्रदान गर्न रमणिय स्थलको रुपमा उद्यानलाई व्यवस्थित गर्ने।

## (ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः

| क.सं. | कर्मचारीको नाम | पद ,श्रेणी | सेवा,समूह | कुल दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|
| १ | मदन कुमार खड्का | वैज्ञानिक अधिकृत रा.प. द्वितिय | वन,बोटानी (प्रा.) | १ | अध्ययन बिदा |
| २ | चन्द्र मोहन गुर्माछन | सहायक वैज्ञानिक अधिकृत,रा.प.तृतिय | वन,बोटानी (प्रा.) | १ | |
| ३ | | सहायक वैज्ञानिक अधिकृत,रा.प.तृतिय | इन्जि. केमेष्ट्री (प्रा.) | १ | रिक्त |
| ४ | प्रेम कुमार सुब्बा | लेखापाल, रा.प.अनं. प्रथम | प्रशासन,लेखा | १ | |
| ५ | जेनी निरौला | असिष्टेन्ट बोटानिष्ट,रा.प.अनं. प्रथम | वन,बोटानी (प्रा.) | १ | |
| ६ | दिपेन बम | हेड फिल्ड असिष्टेन्ट,रा.प.अनं.द्वितिय | वन,बोटानी (प्रा.) | १ | |
| ७ | निरास खड्का | कार्यालय सहयोगी (करार) | | १ | |
| ८ | नविन वि.क. | कार्यालय सहयोगी (करार) | | १ | |
| | जम्मा | | | ८ | |

## (घ) निकायबाट प्रदान गरिने सेवाः

- जैविक विविधता संरक्षण गरी वातावरणीय सुधार तथा पर्यटन विकासमा सघाउ पुर्याउने, उद्यानलाई रमणीय स्थलको रुपमा विकास गर्ने, उद्यान सम्बन्धि सेवा उपलब्ध गराउने तथा शैक्षिक कार्यक्रममा सहयोग पुर्याउने ।
- जडिबुटीहरुको उपयोग, व्यापार तथा उपलब्धता सम्बन्धि तथ्यांक संकलन गर्ने, जडिबुटीहरुको खेती प्रविधि विकास गर्ने, जडिबुटीहरुको वंशाणु श्रोत संरक्षण गर्ने र जडिबुटी संरक्षण तथा उपयोग बारे जनचेतना अभिवृद्धि गरी खेती सम्बन्धि सीप विकास गराउने ।
- वानस्पतिक श्रोतको वैज्ञानिक अध्ययन, संकलन तथा पहिचान गर्ने, वनस्पतिहरुमा भएको जैविक तथा रासायनिक विविधताको अध्ययन अनुसन्धान गर्ने र जैविक विविधता संरक्षण गरी दिगो विकासमा योगदान दिने ।
- विपन्न वर्गमा उनीहरुको सहभागितामा जडिबुटी नर्सरी निर्माण गर्ने, जडिबुटी खेती सम्बन्धि तालिम तथा क्षमता अभिवृद्धि गर्ने र जडिबुटी विरुवा उत्पादन गरी वितरण गर्ने ।

## (ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी (नागरिक बडापत्र):

| क्र. सं. | सेवाहरु | पेश गर्नुपर्ने कागजात | लाग्ने समय | शुल्क | जिम्मेवार शाखा कर्मचारी/ | वैकल्पिक कर्मचारी | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| १ | निवेदन लिने | आफूले प्राप्त गर्नुपर्ने सेवाको विवरण खोली निवेदन दिने । | तुरुन्तै | निःशुल्क | प्रशासन/ असिस्टेन्ट बोटानिस्ट | हेड फिल्ड असिस्टेन्ट | केन्द्र प्रमुख |
| २ | धरौटी राजश्व संकलन/ रकम भुक्तानी | आफूले प्राप्त गर्नुपर्ने सेवाको विवरण खोली निवेदन दिने । | तुरुन्तै | निःशुल्क | लेखा / लेखापाल | लेखापाल | केन्द्र प्रमुख |
| ३ | वनस्पतिहरुको नमूना पहिचान | कार्यालयले प्रदान गरेको फाराम अनुसारको निवेदनको साथमा हर्वेरियम नमूना तथा तस्बिर । | नमूना प्राप्त भएको मिति देखि एक महिना | निःशुल्क | प्राविधिक वैज्ञानिक/ अधिकृत | असिष्टेन्ट बोटानिष्ट | केन्द्र प्रमुख |
| ४ | जडिवुटी तथा सुगन्धित वनस्पतिहरुको तेल प्रतिशत निर्धारण | कार्यालयले प्रदान गरेको फाराम अनुसारको निवेदनको साथमा जुन जडिबुटीको तेल प्रतिशत निर्धारण गर्ने हो त्यसको नमूना) १ के . जी(. र हर्वेरियम नमूना तथा तस्बिर । | नमूना प्राप्त भएको मिति देखि दुई हप्ता | निःशुल्क | प्राविधिक वैज्ञानिक/ अधिकृत | असिष्टेन्ट बोटानिष्ट | केन्द्र प्रमुख |
| ५ | जडिवुटी विरुवा वितरण | निवेदन ,सम्बन्धित वडा कार्यालयको सिफारिस ,नेपाली नागरिकताको प्रतिलिपी र खेती गरिने स्थानको जग्गा धनी पुर्जाको प्रतिलिपी । | रोपण गरिने महिनामा तुरुन्तै | हाल निःशुल्क | प्राविधिक हेड/ फिल्ड असिस्टेन्ट | असिस्टेन्ट बोटानिस्ट | केन्द्र प्रमुख |
| ६ | जडिवुटी नर्सरी प्रविधि तथा ब्यवसायिक जडिवुटी खेती सम्बन्धी प्राविधिक सेवा | मौखिक वा लिखित निवेदन । | तुरुन्तै | निःशुल्क | प्राविधिक असिस्टेन्ट/ बोटानिस्ट | वैज्ञानिक अधिकृत | केन्द्र प्रमुख |
| ७ | वनस्पति तथा जडिवुटी सम्बन्धी सूचना प्रवाह तथा प्रचारप्रसार सामाग्री वितरण | मौखिक वा लिखित निवेदन । | तुरुन्तै | निःशुल्क | प्राविधिक असिस्टेन्ट/ बोटानिस्ट | वैज्ञानिक अधिकृत | केन्द्र प्रमुख |
| ८ | आगन्तुकहरुलाई उद्यान अवलोकन/भ्रमण सम्बन्धी सेवा | मौखिक वा लिखित निवेदन । | तुरुन्तै | निःशुल्क | प्राविधिक हेड/ फिल्ड असिस्टेन्ट/ असिस्टेन्ट बोटानिस्ट | वैज्ञानिक अधिकृत | केन्द्र प्रमुख |

**(च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः**

निशुल्क र तुरुन्तै

**(छ) निर्णय गर्ने प्रक्रिया र अधिकारः**

सेवाग्राहीले उल्लेखित सेवा प्राप्त गर्न नसकेमा वा कुनै सुझाव भएमा कर्यालय प्रमुख समक्ष लिखित वा मौखिक उजुरी गर्न सक्नेछन् । साथै कार्यालयको उजुरी पेटिकामा लिखित उजुरी हाल्न सक्नेछन् ।सम्बन्धित शाखाबाट टिप्पणी उठाई कार्यलय प्रमुखज्यू बाट स्वीकृत गराई उजुरी/सुझाव माथि कारबाही हुने ।

**(ज) निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

कार्यालय प्रमुख/केन्द्र प्रमुख

**(झ) सम्पादन गरेको कामको विवरणः**

**१.कार्यक्रमको नामः वनस्पति अनुसन्धान, संरक्षण तथा उद्यान विकास कार्यक्रम :**

- कम्प्युटर तथा प्रिन्टर खरिद गरिएको ।
- मौसमी, शोभनीय फूल विरुवा उत्पादन गरिएको ।
- बहुबर्षीय शोभनीय फूल विरुवा उत्पादन गरिएको ।
- उद्यानमा रहेका भौतिक संरचनाहरुको  मर्मत तथा सुधार गरिएको ।
- आ.व.०७६/०७७ मा सम्पादन गरिएका कार्यहरुको वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरिएको ।
- स्वदेशी शोभनीय फूल विरुवा अध्ययन अनुसन्धान अन्तर्गत घिउपातको (*Cardiocrinum giganteum*)अध्ययन तथा अनुसन्धान भईरहेको ।
- Thematic Garden शौन्दर्यीकरण गरिएको ।

**२.कार्यक्रमको नामः जडीबुटी विकास कार्यक्रमः**

- उद्यान फेन्सिङ्ग सम्बन्धि कार्य गरिएको।
- जडिबुटीका गुणस्तरीय विरुवा उत्पादन गरिएको ।
- गुणस्तर विकासको लागि खेती प्रविधि अनुसन्धान गरी सो सम्बन्धी प्राविधिक पुस्तिका तयार गर्ने कार्यक्रम अन्तर्गत सतुवाको अनुसन्धान भईरहेको ।
- चाराइतो भेराइटी विकास कार्यक्रम सञ्चालित भईरहेको ।
- जर्मप्लाजम संरक्षण कार्य गरिएको ।
- संकटापूर्ण थप प्रजातिहरुको पर-स्थानीय संरक्षण कार्य गरिएको ।
- संकटापूर्ण थप प्रजातिहरुको स्व-स्थानीय संरक्षण कार्य गरिएको ।
- सम्भावनायुक्त जैविक श्रोत पहिचान तथा अभिलेखिकरण कार्य गरिएको ।
- Research intern छनौट गरिएको ।

**(ञ) सूचना अधिकारी र प्रमुखको नाम र पदः**

कार्यालय प्रमुखः चन्द्र मोहन गुर्माछन (वैज्ञानिक अधिकृत)

सूचना अधिकारीः जेनी निरौला(अ.बो.)

**(ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः**

- वन ऐन, २०४९
- वन नियमावली, २०५१
- वातावरण संरक्षण ऐन, २०५३
- वातावरण संरक्षण नियमावली, २०५४
- वन नीति,२०७१
- राष्ट्रिय सिमसार नीति,२०६८
- स्वदेशी शोभनीय वनस्पति आध्ययन अनुसन्धान कार्यविधि, २०७५
- स्व-स्थानीय तथा पर-स्थानीय वनस्पति संरक्षण कार्यविधि, २०७५
- जडिबुटीको व्यवसायिक खेती विस्तार कार्यविधि निर्देशिका, २०७७
- जडीबुटी खेती प्रविधि कार्यविधि, २०७५
- Convention on International Trade in Endangered Species Of Wild Fauna and Flora(CITES), 1973
- Convention on Wetlands of International Importance Especially as Water flow Habitat (Ramsar Convention), 1971
- Convention on the Protection of the World Cultural and Natural Heritage, 1972
- Convention on Biological Diversity, 1992
- United Nation Framework Convention on Climate Change, 1992
- Convention to Combat Desertification in those Countries Experiencing devious Drought and Desertification, Particularly in Africa, 1994
- International Tropical Timber Agreement (ITTA),
- Kyoto Protocol to the UNFCCC, 1997
- International Treaty on the Plant Genetic Resource for Food and Agriculture, 2001
- ILO Convention No.169, Indigenous and Tribal Peoples Convention, 1989

**(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धि अद्यावधिक विवरण:**

| सि.नं. | कार्यक्रमको नाम | वार्षिक बजेट (रु. लाखमा) | | | हालसम्मको खर्च (रु. लाखमा) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | पूंजीगत | चालु | जम्मा | पूंजीगत | चालु | जम्मा | |
| १ | जडीबुटी विकास कार्यक्रम | ३६।०० | २७।३५ | **६३.३५** | ३५.८७५९४४५ | २६.३०४४७ | **६२.१८०४१४५** | |
| २ | वनस्पति अनुसन्धान, संरक्षण तथा उद्यान विकास कार्यक्रम | १५।०० | १७।८८ | **३२.८८** | १४.९९९५० | १७.८७९९२ | **३२.८७९४२** | |
| ३ | साधारण तर्फ | ०।०० | ४९।५९ | **४९.५९** | | ३९.७१८५३५५ | **३९.७१८५३५५** | |
| | **जम्मा** | **५१।००** | **९४।८२** | **१४५.८२** | **५०.८७५४४४५** | **८३.९०२९२५५** | **१३४.७७८३७** | |

**(ड) तोकिए बमोजिमका अन्य विवरण:**

यस कायार्लय संग सम्बन्धित अरु सार्वजनिक निकायहरु संग सम्नवय गरी कार्य गरीएको ।

**(ढ) अघिल्लो आ.व.मा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण:**

**(ण) कार्यालयको website:**

**https://prcilam.gov.np**

**इमेल: banaspati.ilam@gmail.com**

**(त) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:**

यस कार्यालयले कुनै पनि वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग नपाएको र सम्झौता नगरेको ।

**(थ) सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति विवरण:**

**१.कार्यक्रमको नाम: वनस्पति अनुसन्धान, संरक्षण तथा उद्यान विकास कार्यक्रम :**

- DELL Desktop कम्प्युटर सेट र Canon colored 3 in 1 प्रिन्टर खरिद गरिएको ।
- पेन्जी, मेरीगोल्ड, स्वीट पिज, क्यालेन्डुला, ऐन्टेरीयम, Celosia, Viola, गेजेनीया, Vinca, बेगुनीया, गोदावरी, पप्पी, फ्लक्स, प्रिमुला आदिको ३२ हजार विरुवा उत्पादन तथा विरुवा खरिद गरी माइपोखरी वनस्पति उद्यानमा रोपिएको।
- किउफिया, जिरेनियम, गुलाब, एजेलीया, डालिया र हाइड्रेन्जियाका १० हजार कटिङ्ग गरि नर्सरीमा राखिएको ।
- कार्यालयले प्राप्त गरेको साविक जिल्ला भू-संरक्षण कार्यालय, इलामको कार्यालय भवन, फिल्ड अफिस, सुचना केन्द्र भवन, सतुवा अनुसन्धान घर र क्याक्टस हाउसको मर्मत गरी रंगरोगन गरिएको ।
- कार्यालय परिसरमा रहेको नर्सरीमा सिँचाईको लागि १० .३६ घनमिटरको पानी सँकलन पोखरी निर्माण र कार्यालयमा खानेपानीको व्यवस्था गरिएको ।
- आ. व. २०७६।७७ को वार्षिक प्रतिवेदन २०० प्रति प्रकाशन गरी जिल्ला समन्वय समिति, जिल्ला स्थित सरकारी कार्यालयहरु तथा सम्बन्धित सरोकारावालाहरुलाइ वितरण गरिएको तथा जडिबुटी संकलन सम्बन्धी ३०० प्रति ब्रोसर प्रकाशन गरिएको । ।
- *Cardiocrinum giganteum* को अध्ययनका लागि गाना र विउ अनुसन्धान प्लटमा राखी germination rate र growth rate का लागि तथ्याङ्क संकलन भैरहेको ।
- माइपोखरी वनस्पति उद्यानमा रहेका विभिन्न जातीविशेष उद्यानहरुको नियमित स्याहार संभार , मर्मत तथा रंग रोगन , गुलाफ बाटिका र फर्न बाटिका निर्माण, नयाँ कार्यालय भवन मर्मत रङ्गरोगन, कार्यालय परिसरमा रहेको रुख कटान, झाडी सफाई गरिएको ।

## २.कार्यक्रमको नामः जडीबुटी विकास कार्यक्रमः

- सन्दकपुर-३, माइपाताल स्थित सन्दकपुर गा.उ.पा बाट प्राप्त जग्गामा ३३१ .८ मिटर तारवार कार्य सम्पन्न गरिएको ।
- लौठसल्ला कटिङ्ग ३० हजार, चिराइतो ६० हजार, खनक्पा ३ हजार , चाँप २ हजार अतिस १ हजार, किवी ५ हजार विरुवा उत्पादन गरिएको ।
- बाघखोर, इलाम स्थित गुफाथुम्की जडिबुटी कृषक समूहमा मिति २०७७।११।१८ र १९ गते र माईजोगमाई गाउँपालिका-६, प्याङ्गमा मिति २०७८।०३।२५ र २६ गते २ दिने तालिम संचालन गरिएको ।
- माइपोखरी तथा कार्यालयमा रहेको सुचना केन्द्रमा नमूनाहरुको लेवलिङ्ग गरिएको , सुचना केन्द्रमा कार्पेट राखिएको, भुतकेश, चिमफिङ्ग, बज्रदन्ती, सतुवा, सिलटिमुर, बोकेटिमुर, कुरिलो, पाखानवेद, ठूलो ओखती, चिराईतो, टोटला, घीउपात प्रजातीको नमूना संकलन गरी राखिएको ।
- जडिवुटीको खेती प्रविधि अनुसन्धानको लागि गत वर्ष को अनुसन्धान प्लटबाट तथ्यांक संकलन, सतुवाको बिउ तथा गाना संकलन गरी अनुसन्धान प्लटमा राखिएको साथै मजिठोको विउ, जरा तथा हाँगा कटिङ्ग गरी अनुसन्धान प्लटमा राखी germination rate र growth rate का लागि तथ्याङ्क संकलन भैरहेको ।
- चिराइतो भेराईटी विकासको लागि पाँचथर, धनकुटा, तेर्हथुम र जुम्ला जिल्लाको चिराइतोको विउ संकलन गरी नर्सरीमा राखीएको ।
- इलाम जिल्लाको विभिन्न स्थानहरुबाट संकलन गरी *Phytolacca acinosa* (जरीङ्गो), *Clematis buchananiana* (पिनासे लहरा), *Arisaema nepenthoides* (लडुवा), Eurya acuminate (झिगाने), *Edgeworthia gardneri* (अर्घेली) *Trichosanthes sp.* (इन्द्रेणी), *Macropanax undulates* (चिन्डे), *Erythrina arborescens* (फलेदो), *Quercus lamellose* (बज्राठ), *Nephrolrpsis cordifolia* (पारिजात), *Arundinaria maling* (मालिङ्गो), *Smilex aspersa* (कुकुर

दाईनो), *Amomum subulatum* (अलैची), Amomum maximu (चुरुम्फा) *Calamus leptospadia* (बेतलौरी), *Euodia fraxinifolia* (खनक्पा), *Bigonia picta* (मगर काचे), *Cinnamomum camphora* (कपुर), *Cinnamomum glanduliferum* (मालागिरी), *Oroxylum indicum* (टोटला), *Lindera neesiana* (सिलटिमुर), *Azadirachta indica* (निम), *Nephrolepis cordifolia* (पानी अमला), *Thanocalamus spsthiflorus* (घुँडे), *Ficus benjamina* (समि), *Delphinium himlayai* (अतिस), *Rheum australe* (पदमचाल) *Valeriana jatamansii* (सुगन्धवाल), *Curcuma longa* (बेसार), *Rubus* sp. (ऐंसेलु), *Piper mullesua* (चाबो), *Agave Americana* (केतुके), Centella asiatica (घोडताप्रे), चीप्ले, फच्याङ्ग, तमर्के, बादक्छे, बासुकी, कुरकुरे, काउलो, वन लसुन , डेली काठ आदिआदि संकलन गरी माईपोखरी वनस्पति उद्यानमा जर्मप्लाज्म संरक्षण गरिएको ।

- संकटापन्न वनस्पतिहरु प्रजातीहरु विष (*Aconitum bisma), **विषमा** (Aconitum ferox), **सतुवा** (Paris polyphylla), **भाले चिराइतो** (Swertia angustifolia), **पाखनवेद** (Berginia ciliata), **कुरिलो** (Asparagus racemosus), **लौठसल्ला** (Taxus wallichiana), **चिराइतो** (Swertia chirayaita), **रुद्राक्ष**( Elaeocarpus sphaericua), **सर्पगन्ध** (Rauvolfia serpentine), **पाँचऔंले** (Dactylorhiza hatagairea), **ओकेआलु** ( Lilium nepalensis), **अगरउड** (Aquilaria malaccensis), **मगरकाँचे** (Begonia pecta), **अतिस** (Delphinium, himalayai) , **तरुल** (Dioscorea deltoidea) , **टोटला** (Oroxylum indicum), **जिङ्गसिङ्ग** (Panax-pseudo ginseng), **पदमचाल** (Rheum austral), Rheum sp., **मजिठो** ( Rubia manjith), Tinospora sinensis, **सुगन्धवाल** (Valeriana jatamansii), **कलबल** (Cycus pectinata), **रुख उन्यू** ( Cythea spinulosa), **पलाँस** (Beautea monosperma)* माइपोखरी वनस्पति उद्यानमा संरक्षण गरिएको ।
- इलाम जिल्लाको विभिन्न स्थानहरुबाट १४ प्रजातीका दुर्लभ लोपोन्मुख वनस्पति प्रजातीहरु कुरिलो , चाँप, लौठसल्ला, अतिस, चिराइतो, पाखनबेद सुगन्धवाल, सतुवा, मजिठो, भाले चिराईतो, मगरकाँचे, जिनसिङ्ग, पदमचाल, पलास प्रजातिका विरुवहरु भेडिचोक सा.ब.उ.स सँग समंन्वय गरि १.५ हेक्टर क्षेत्रफलमा बृक्षारोपण गरिएको ।
- प्रदेशमा नं. १ मा पाईने १३२ वानस्पतिक परिवारको ४९८ वानस्पतिक श्रोतहरुको उपयोगको अभिलेखिकरण कार्य गरिएको ।
- इलाम जिल्लामा पाईने व्यावसायीक महत्वका जडीवुटीहरु , जडिवूटी कृषकहरु, समूह, सहकारीहरु, कृषि वनमा आधारित उद्योगहरु, नेपालमा जडिवूटीमा आधारीत उद्योगहरु , नेपालमा आयात गरिएका तथा निर्यात गरिएका जडिवूटीहरु, सँभावना, समस्याहरु समाधान सम्बन्धि अध्ययन गरिएको ।
- सन्दकपुर गा .पा. को सुलुबुङ्ग निवासी , त्रिवि बाट वनस्पति शास्त्रमा स्नातकोत्तर अध्ययनरत श्री बेनुप अधिकारीले रिसर्च इन्टर्नको रुपमा कार्य गर्नु भएको।
- इलाम जिल्लाका प्रगतीशिल होमहर्वल गार्डेन महिला जडिबुटी समूह, गुफाथुम्की जडिवुटी कृषक समूह, ओषनीक जडिवुटी उत्पादन समूह , ब्वसायीक किबि फलफूल तरकारी तथा जडिबुटी उत्पादक महिला कृषक समूहमा जडिवूटी खेती सम्बन्धि सरसल्लाह तथा कृषी सामाग्री वितरण गरिएको।
- माइपोखरी स्थित वनस्पति उद्यानमा वृक्षारोपण तथा माइपोखरी संस्कृत मा ।वि सन्दकपुर -३ इलाममा निबन्ध प्रतियोगिता संचालन गरी वनस्पति दिवस मानाइएको ।

**(द) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः**

**(ध) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विषयः**

यस कार्यालयमा कुनै पनि सूचना माग सम्बन्धी निवेदन नआएको ।

**(न) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरणः**

यस कार्यालयको सूचनाहरु अन्यत्र प्रकाशन नभएको ।

**समाप्त**